रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं.प्रदेश, नेपाल

## विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

पटक प्रकाशित मिति : २०७८।२।१६

रौतामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुट्टार,उदयपुर अन्तर्गतका पशु सेवा शाखा तथा वडा कार्यालयहरुबाट सेवाग्राहीहरुको लागि आधारभुत पशु स्वास्थ्य सेवा प्रदान गर्न आ.व.२०७८/७९ को लागी आवश्यक पर्ने पशुपंक्षीजन्य औषधिहरु शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक ईजाजत प्राप्त फर्म, एग्रोभेट्स वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको प्रमाण पत्र,मुल्य अभिवृद्धि कर/स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपी पशुपंक्षी औषधी व्यवसायी दर्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ । यो सूचना यस कार्यालयको वेव साइट **http://www.rautamaimun.gov.np** मा पनि हेर्न सकिने छ ।

१. शिलबन्दी दरभाउपत्र फारम PPMO को बेब साइट *www.bolpatra.gov.np/egp* मार्फत डाउनलोड गरी मिति २०७९।०१।०४ गते दिनको १२:०० बजे सम्म जम्मा गरी सक्नुपर्ने छ । शिलवन्दी दरभाउ पत्र फाराम खरिद वापत रु १०००।- (अक्षरेपी रु एक हजार मात्र)नगद (फिर्ता नहुने गरी) यस कार्यालयको **रौतामाई शाखा भुट्टार स्थित प्रभु बैक मा आन्तरीक आय खाता नम्बर २१५०१५२३९६००००३५** मा दाखिला गरी सो को भौचर PDF Format वनाई विड डकुमेन्टस Submit गर्ने वखत अपलोड गर्नुपर्ने छ । दाखिला हुन आएका शिलवन्दी दरभाउपत्र सोही दिन दिनको १:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

२.यदि दरभाउपत्रदाताले धरौटी वापतको रकम नगदै जम्मा गर्न चाहेमा यस कार्यालयको **रौतामाई शाखा भुट्टार स्थित प्रभु बैंक मा धरौटी खाता नं.२१५०१५२३९६०००१८३** मा दाखिला गरी सो भौचर को PDF Format वनाई वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानी पत्र (BID BOND) को PDF Format वनाई शिलवन्दी दरभाउपत्र जम्मा गर्ने वखतमा पेश गर्नुपर्ने छ ।

३. खरिद हुने पशुपंक्षीजन्य औषधिहरुको म्यादको सम्वन्धमा दरभाउपत्रको Specification मा उल्लेख भए अनुसार हुनु पर्ने छ । Specification मा उल्लेख नभएको औषधिको म्याद उक्त औषधिहरुको Manufacturing Date बाट Expiry Date कम्तीमा १५ महिना बाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्नेछ । सो भन्दा घटि म्याद भएका पशुपंक्षीजन्य औषधिहरु बुझि लिइने छैन । टुटफुट तथा प्राविधिक समस्या भएका कुनै पनि औषधीहरु समेत बुझि लिइने छैन ।

४. पशुपंक्षीजन्य औषधीहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम परिमाण सम्झौता भए पश्चात यस कार्यालयको स्टोरमा दरभाउपत्रदाताले आफनै तर्फबाट ढुवानी गरी बुझाउनु पर्नेछ । सम्झौता वमोजिमका सामानहरु सम्झौतामा उल्लेख भएको अवधि भित्र सप्लाई गरि सक्नु पर्नेछ ।

५. ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरी विचमा छाडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा ठेक्का तोडन सकिनेछ । सम्झौताको म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा औषधी दाखिला गर्न नसकेको खण्डमा प्रचलित आर्थिक नियमानुसार कारवाही हुनेछ ।

६.सप्लाई हुने औषधी तथा सर्जिकल सर सामानहरुको प्रत्येकको प्याकिङको वाहिर Manufacturing Date,Expiry Date र Batch No. उल्लेख भएको हुनुपर्नेछ ।

७. पशुपंक्षीजन्य औषधीको हकमा ISO मापदण्ड प्राप्त कम्पनीहरुको हुनु पर्नेछ ।

Scanned with CamScanner

८. प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै दरभाउ पत्रमा उल्लेख भएका पशुपंक्षीजन्य औपधीहरुको सूचि एवं परिमाण थपघट समेत हुन सक्ने र यसरी थपघट भएता पनि दरभाउपत्रदाताले कबोल गरेको दरमा उपलब्ध गराउनु पर्नेछ ।

९. शिलबन्दी दरभाउपत्र मूल्यांकन तथा स्वीकृतीको निर्णय आईटमवाइज दररेट वा एकमुष्ट दररेटमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

१०. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

११.आपुर्तिकर्ताले सप्लाई गरेको पशुपंक्षीजन्य औषधिको गुणस्तरमा शंका लागि परिक्षण गर्नु पर्ने भएमा आपुर्तिकर्ता स्वयंले परिक्षण गराई परिक्षणको प्रमाण पत्र पेश गर्नु पर्ने छ । परिक्षणमा लाग्ने खर्च आपुर्तिकर्ता स्वयंले नै ब्यहोर्नु पर्नेछ ।

१२. शिलबन्दि दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपशिल

| ठेक्का नं. | विवरण | ईष्टिमेट अंक (भ्याट सहित) | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| RRM/SQ/Goods Livestock Medicine/30/2078-079 | रौतामाई गाउंपालिका, गाउँ कार्यपालिकाको कार्यालय भुट्टार,उदयपुर अन्तर्गतका पशु सेवा शाखाको लागि औपधी खरिद तथा आपुर्ति | रु १५००४३७।० | रु.४४०००।० | रु १०००। | |

नि. प्रमुख प्रशासकीय अधिकृत

२०७८।१२।१५

(नि.) प्रमुख प्रशासकीय अधिकृत

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
प्रदेश नं. १, नेपाल

Scanned with CamScanner